**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२५१

मितिः २०८१/०३/२६

समयः बिहान १०:३० बजे

प्रारम्भ: बिहान १०:३५ बजे

अन्त्य: दिनको १:१५ बजे

**छलफल तथा निर्णय** :-

समितिको आज मिति २०८१/०३/२६ गते बसेको बैठकमा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ, सिनियर कन्सलटयान्ट नेफ्रोलोजिष्ट डा. कल्पना श्रेष्ठ समेतसँग अङ्गदान र प्रत्यारोपण सम्बन्धी विद्यमान अवस्था, समस्या चुनौती र भावी कार्यदिशाका सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले मृगौला, कलेजो लगायत मानव अङ्गको प्रत्यारोपण सम्बन्धी कार्य गर्दै सफलतापूर्वक आएको तर हालसम्म सो केन्द्रको आफ्नो भवन नभएकोले सेवा प्रवाहमा कठिनाई आएको र केन्द्रको क्षमता वृद्धिका लागिजग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाइएको भन्ने जानकारी छलफलमा आएकोले सो जग्गा प्राप्ति प्रक्रियाको हालसम्मको अवस्थाको विवरण शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रबाट माग गर्ने।

२. विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन मिति २०८१/०२/२४ गते बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसंग अन्तरक्रिया गर्ने क्रममा आएका तथ्य र बौद्ध क्षेत्र विकास समितिबाट प्राप्त निवेदनका समेतका बारेमा छलफल हुँदा बौद्ध तथा मेलम्ची घ्याङ गुठीको जग्गाको विवरण भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विवरण माग गर्ने।

३. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति